**आकाशवाणी समाचार- नेपाली**

मितिः ११ जुन २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमंत्री नरेंद्र मोदीले आतंकवाद विरूद्ध विदेश गएका सर्वदलीय प्रतिनिधिमंडलका सदस्यहरूसित हिजो नयाँ दिल्लीमा भेट गरि प्रशन्सा गर्नु भयो।

- केंद्रीय गृह मंत्री अमित शाहले हिजो नयाँ दिल्लीमा बाढ़ी प्रबंधन तयारिहरूको समीक्षा गर्नु भयो।

- रक्षा मंत्री राजनाथ सिंहले सरकारले 2029 सम्म 3 लाख करोड़ रुपियाँको रक्षा सामग्रिहरूको उत्पादन गर्ने लक्ष्य रखेको भन्नु भयो।

- एनडीए सरकारको 11 साल पूरा भएको अवसरमा भाजपाले सबै राज्यहरू र जिल्लाहरूमा विशेष सम्वाददाता सम्मेलन गर्ने छ।

- भारतीय तटरक्षक बलले सिंगापुरको झण्डा भएको एक मालवाहक जहाजका चालक दलहरूलाई बचाएकोमा चीनले आभार व्यक्त गरेको छ।

- आइएसएसएफ विश्व कपको महिला प्रतिस्पर्धामा भारतकी इलावेनिल वालारिवनले कांस्य पदक जितेकी छन्।

**प्रधानमंत्री प्रतिनिधिमंडल बैठक -1**

प्रधानमंत्री नरेंद्र मोदीले बहुदलीय प्रतिनिधिमंडलहरूले विभिन्न देशहरूमा गएर जुन प्रकारले पहलगाम आतंकवादी हमला र ऑपरेशन सिंदूर पछि आतंकवादलाई निर्मुल पार्ने खाँचोबारे भारतको विचारहरूलाई विश्वमंचमा प्रस्तुत गरे त्यसमाथि आफूलाई गर्व छ भनि बताउनु भएको छ।

प्रधानमंत्री मोदीले विगत केहि साताहरूमा विश्वका ३३ देशहरूमा यात्रा गर्ने सर्वदलीय प्रतिनिधिमण्डलका सदस्यहरूसित हिजो नयाण दिल्लीमा भेट गर्नु भयोए जसमा सांसद र पूर्व राजनयिकहरू शामेल थिए।

श्री मोदीले आफ्नो एक सामाजिक संजाल पोस्टमा भन्नु भएको छ - यी प्रतिनिधिहरूले शांतिका लागि भारतको प्रतिबद्धता अनि आतंकवादलाई सखाप गर्ने आवश्यकतालाई स्पष्ट गर्नुमा महत्वपूर्ण भूमिका निभाएका छन्। उहाँले यो पनि भन्नु भयो कि जुन प्रकारले यी प्रतिनिधिहरूले भारतको विचारलाई विश्व समक्ष राखेका छन् त्यस माथि देशलाई गर्व छ।

प्रतिनिधिमंडलहरूका सदस्यहरूले हिजो प्रधानमंत्रीसित भेट गरि विदेश ब्रमणका आफ्ना अनुभवहरूलाई साझा गरे।

प्रधानमंत्री प्रतिनिधिमंडल बैठक -2

केंद्र सरकारले पहिला नै अधिकांश वर्तमान सांसदहरू सहित ५० भन्दा बढी व्यक्तिहरू सामेल सात प्रतिनिधिमंडलहरूको यस कार्यको सराहना गरेको थियो।

अमेरिकामा प्रतिनिधिमंडलको नेतृत्व गर्ने कांग्रेस सांसद शशि थरूरले राष्ट्रको सेवाको अवसर दिएकोमा प्रधानमंत्री श्री मोदीको प्रशंसा गर्नु भयो।

त्यहींए शिवसेनाका श्रीकांत शिंदेले पनि प्रधानमंत्री प्रति आभार व्यक्त गर्नु भयो तथा प्रतिनिधिमंडलले आतंकवाद विरुद्ध दृढ़ताका साथ भारतको लड़ाई र वैश्विक शांतिमा भारतको अटूट प्रतिबद्धताका लागि यी मित्र देशहरूद्वारा दिइएको ठूलो समर्थनबारे प्रधानमंत्रीलाई अवगत गराउनु भयो।

यसै बीचए विदेश मंत्री डॉक्टर सुब्रह्मण्यम जयशंकरले पहिला प्रतिनिधिमंडलहरूसित भेट गर्नु भयो तथा पाकिस्तान प्रायोजित आतंकवाद विरुद्ध भारतको अड़ानलाई विश्वमंचमा बलियोसित व्यक्त गर्नुमा उनीहरूको भूमिका र प्रयासहरूको सराहना गर्नु भयो। उहाँले भन्नु भयो ----------

**……….बाइट –जयशंकर………**

**<u>प्रधानमंत्री प्रतिनिधिमंडल बैठक -3</u>**

विदेश पठाइएका चार प्रतिनिधिमंडलहरूको नेतृत्व सत्तारूढ़ गठबंधनका सांसदहरूले गरेका थिए सनमा भारतीय जनता पार्टीका दुईए जनता दल ;यूनाइटेडद्ध का एक र शिवसेनाका एक सांसद शामेल थिएए जबकि तीन प्रतिनिधिमंडलहरूको नेतृत्व कांग्रेस, डीएमके र राष्ट्रवादी कांग्रेस पार्टी ;शरदचंद्र पवारद्ध का सांसदहरूले गरेका थिए।

भारतीय जनता पार्टीका रविशंकर प्रसाद र बैजयंत पांडाए कांग्रेसका शशि थरूर, जनता दल ;यूनाइटेडद्ध का संजय झाए शिवसेनाका श्रीकांत शिंदेए डीएमकेकी कनिमोई र राष्ट्रवादी कांग्रेस पार्टी शरदचंद्र पवारद्ध की सुप्रिया सुलेले विश्वका विभिन्न भागहरूमा आप्ना प्रतिनिधिमंडलहरूको नेतृत्व गरे।

**<u>शाह- बाढ़ की तैयारियां -1</u>**

केंद्रीय गृह मंत्री अमित शाहको अध्यक्षतामा देशमा आउने बाढ़ीको प्रबंधन तयारिहरूको समीक्षा गर्नाका लागि हिजो नयाँ दिल्लीमा एउटा उच्च स्तरीय बैठक बसियो। बैठकमा श्री शाहले देशमा बाढ़ीको प्रकोपबाट बचावका लागि चाली रहेको दीर्घकालिक उपायहरू साथै विगत वर्ष गरिएको बाढी प्रबन्धन बैठकमा लिइएका निर्णयलाई क्रियन्वयन गर्दै चालिएका पाइलाहरूको समीक्षा गर्नु भयो। गृह मंत्रालयले बताए अनुसार श्री शाहले बैठकमा बाढ़ी प्रबंधनका लागि सबै एजेंसिहरूले अपनाएका नयाँ प्रौद्योगिकी र त्यसका नेटवर्कहरूबारे विस्तृत चर्चा गर्नु भयो। बैठकमा श्री शाहले भन्नु भयो - प्रधानमंत्री नरेंद्र मोदीको नेतृत्वमा आपदा प्रबंधनका लागि भारत त्यो दृष्टिकोणलाई लिएर आगी बढ़ी रहेको छ जसमा एउटै पनि जनहानिको संभावना नरहोस।श्री शाहले राष्ट्रीय आपदा प्रबंधन प्राधिकरणलाई राज्य आपदा प्रबंधन प्राधिकरणहरू अनि जिल्ला आपदा प्रबंधन प्राधिकरणहरूसित राम्रो तालमेल गर्ने निर्देश पनि दिनु भयो जसले जमीनी स्तरमा आपदाको प्रारंभिक चेतावनी जारी गर्ने कारबाही सुनिश्चित गर्न सकियोस।

**<u>शाह- बाढ़ की तैयारियां -2</u>**

उहाँले राष्ट्रीय आपदा प्रबंधन प्राधिकरण र राष्ट्रीय आपदा मोचन बललाई राज्यहरूसित पूर्ण रूपले तालमेल गर्ने अनि कुशलता पूर्वक बाढ़ीको प्रबंधन गर्ने दिशामा काम गर्न श्री शाहले भन्नु भयो।श्री शाहले बाढ़ी नियंत्रण र जल प्रबंधनका लागि विभिन्न केंद्रीय एजेंसिहरूले अंतरिक्ष प्रौद्योगिकीको अधिकतम उपयोग गर्नु पर्ने कुरा माथि जोर दिनु भयो। उहाँले देशको शहरी क्षेत्रहरूमा बाढ़ीको बढ़दो घटनाहरूको उल्लेख गर्दै सबै केंद्रीय एजेंसिहरूलाई यसमाथि नियंत्रण गर्नका लागि समय छन्दा नै आवश्यक कारबाहीहरू गर्ने तथा ठूला शहरहरूमा बाढ़ी प्रबंधनका लागि व्यापक योजना तैयार गर्ने निर्देश पनि दिनु भयो।

**<u>राजनाथ सिंह. रक्षा उत्पादन</u>**

रक्षा मंत्री राजनाथ सिंहले भन्नु भएको छ कि सरकारले २०२९ सम्म ३ लाख करोड़ रुपियाँको रक्षा सामग्रिहरूको उत्पादन गर्ने लक्ष्य रखिएको छ। उहाँले उत्तराखंडको देहरादूनमा श्राष्ट्रीय सुरक्षा र

आतंकवादश विषयमाथि आयोजित एक कार्यक्रमलाई संबोधित गर्दै आउने चार वर्षहरूमा यस क्षेत्रमा देशको निर्यात ५० हज़ार करोड़ रुपियाँ सम्म पुग्ने छ भन्नु भयो।

**पीयूष गोयल- स्विट्ज़रलैंड**

केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले स्विट्जरल्याण्डका फेडरल काउन्सिलर गाइ पार्मेलिनसँग मेशिनरी, इलेक्ट्रिकल र मेटलर्जी उद्योगमा व्यापार गोलमेच सम्मेलनको सह-अध्यक्षता गर्नु भयो । यो बैठक निकै फलदायी हुने बताइएको छ ।बर्नमा भएको बैठकपछि पत्रकारहरूसँग कुरा गर्नु हुदै गोयलले भन्नु भयो , "उनीहरूले नवीनता, सहयोग र दुवै देशका कर्मचारीहरूको संयुक्त प्रशिक्षणलाई बढावा दिने संयन्त्रका बारेमा छलफल गरे। उहाले सामाजिक सञ्जालमा पोस्ट गर्दै भन्नु भयो , 'दुई देशबीचको छलफल भारत–ईयू व्यापार तथा आर्थिक सहयोग सम्झौता को कार्यान्वयन पछि लगानीका नयाँ अवसरहरूको दोहनमा केन्द्रित थियो। उहाले स्विस व्यवसायहरूलाई इन्भेस्ट इन्डियामा समर्पित इएफटीए-डेस्कको फाइदा लिन आग्रह गर्नु भयो ताकि उनीहरूलाई व्यवसाय गर्न सजिलो बनाउन मद्दत गर्न सकियोस्। उहाले नियामक समन्वय र पारस्परिक मान्यतासँग सम्बन्धित सम्झौताहरूको दिशामा काम गर्न भारतको इच्छालाई पनि दोहोर्याउनु भयो र स्विट्जरल्याण्ड र भारतबीच लगानीलाई प्रोत्साहित गर्न सक्रिय रूपमा पारस्परिक सम्बन्ध निर्माण गर्ने भारतको दृष्टिकोणलाई नोट गर्नु भयो।भारतीय व्यापार संगठन एसोचैम र स्विट्जरल्याण्डको स्विसमेबीच भएको समझदारीपत्रमा हस्ताक्षर समारोहमा पनि उहाले भागलिनु भएको थियो । यसको उद्देश्य औद्योगिक सहयोग, नवीनता, वृद्धि र कौशल विकासलाई सुदृढ पार्नु हो। उद्योगसँग अन्तरक्रिया गर्नुका साथै श्री गोयलले इन्स्टिच्युट अफ चार्टर्ड एकाउन्टेन्ट्स अफ इन्डियाको स्विस च्याप्टरका सदस्यहरू संग पनि भेट गर्नु भयो।

**विशेष साक्षात्कार-हर्ष मल्होत्रा**

केंद्रीय सड़क परिवहन एवं राजमार्ग राज्य मंत्री हर्ष मल्होत्राले देशमा असल कामकाजको राजनीति शुरू गरको श्रेय प्रधानमंत्री नरेंद्र मोदीलाई दिनु भएको छ । आकाशवाणी समाचारको साथ पॉडकास्टमा श्री मल्होत्राले सामाजिक-आर्थिक र रणनीतिक मोर्चाहरुमा साहसिक र निर्णायक कदम चालेकोमा वर्तमान सरकारको सराहना गर्नु भयो ।केंद्र सरकारलाई उत्तरदायी र जिम्मेवार बताउदै श्री मल्होत्राले भन्नु भयो यसले देशभित्र आफ्ना नागरिकहरूको हेरचाह मात्र गर्दैन तर आवश्यक पर्दा विदेशमा उनीहरूको सुरक्षा पनि सुनिश्चित गर्दछ |

**(बाइट:)**

श्री मल्होत्राले ईज ऑफ डूइंग बिजनेस इंडेक्स र विभिन्न अन्य वैश्विक रैंकिंगमा भारतको उल्लेखनीय सुधारको श्रेय सरकारको सक्रिय नीतिहरुलाई दिनु भयो । यो सम्पूर्ण पॉडकास्ट आज आकाशवाणीको यूट्यूब चैनल NEWSONAIROFFICIAL र अन्य सोशल मीडिया प्लेटफॉर्ममा प्रसारित गरिनेछ ।

**भाजपा-पत्रकार सम्मेलन**

एनडीए सरकारको ११ वर्ष पूरा भएको अवसरमा,भाजपाले देशभरीका राज्य र जिल्ला मुख्यालयहरूमा पत्रकार सम्मेलनको आयोजना गरेको छ। भाजपा अध्यक्ष जगत प्रकाश नड्डाले पनि नयाँ दिल्लीमा पत्रकार सम्मेलनलाई सम्बोधन गर्नुभयो जहाँ उहाँले विगत ११ वर्षमा सरकारका उपलब्धिहरू प्रकाश पार्नुभयो। यसै क्रममा प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारको सेवा, सुशासन र गरिबहरूको कल्याणमा केन्द्रित नीतिहरूमाथि विस्तृत छलफल गरियो। आतंकवादसँग जुध्न भारतको नयाँ दृष्टिकोण, देशको आर्थिक प्रगति, भ्रष्टाचार विरोधी प्रयासहरू, डिजिटल इन्डिया र मेक इन इन्डिया जस्ता पहलहरूबारे पनि छलफल गरियो।

**आईसीजी जहाज-आग से बचाव**

भारतीय तटरक्षक बलका जहाजले सिंगापुरको झण्डा भएको मालवाहक जहाज **वान हाई-50** मा लागेको भीषण आगलागी भएपछि राहत र बचाव कार्य जारी राखेको छ । केरलको बेपोर तटदेखि ४४ समुद्री मील टाड़ा मालवाहक

जहाजमा विस्फोटपछि आगलागी भएको थियो। जहाजबाट बाक्लो धुवाँ निक्लिरहेको भएता यधपि मालवाहक जहाजबाट उठ्ने ज्वाला कम भएको छ। यस बीच, चीनले सिंगापुरको झण्डा भएको जहाजमा सवार आफ्नो चालक दलका सदस्यहरुको उद्धार गरेकोमा भारतलाई आभार व्यक्त गरेको छ।

**श्रीलंका राष्ट्रपति-जर्मनी यात्रा**

जर्मनीका राष्ट्रपति फ्रैंक-वाल्टर स्टीनमीयरको निमन्त्रणामा श्रीलंकाका राष्ट्रपति अनुरा कुमारा दिसानायके आज जर्मनीको यात्रामा जानु हुनेछ।यसै बीच , राष्ट्रपति दिसानायके जर्मनीका राष्ट्रपति, प्रमुख संघीय मंत्रिहरु अनि गणमान्य व्यक्तिहरु संग द्विपक्षीय वार्ता गर्नु हुनेछ।उहाले जर्मन चैंबर ऑफ कॉमर्स एंड इंडस्ट्री द्वारा आयोजित एक बिजनेस फोरमको अध्यक्षता पनि गर्नु हुनेछ,जहाँ श्रीलंकाको आर्थिक परिवर्तन अनि निवेशका अवसरहरु लाइ प्रदर्शित गरिने छ, साथै नया व्यापार संबंधहरुलाइ बढ़ावा दिनेछ।यसबाहेक,राष्ट्रपतिले जर्मनीको पर्यटन अनि यात्रा क्षेत्रहरुको प्रतिनिधिहरु संग पनि भेट गर्नु हुनेछ ।यस आधिकारिक यात्रामा उहाको साथ विदेश मामिला, विदेशी रोजगार अनि पर्यटन मंत्री विजिता हेराथ अनि अन्य वरिष्ठ अधिकारीहरु पनि सहभागी हुनेछन।

**रात्रि शूटिंग - विश्व कप**

भारतीय शुटर इलावेनिल वालारिवनले म्यूनिखमा आयोजित ISSF विश्व कपमा महिलाहरुको 10 मीटर एयर राइफल स्पर्धामा कांस्य पदक जीतेकी छन् । 25 वर्षीय इलावेनिलले फाइनलमा 231 दशमल दुई अंक हासिल गरेर तेस्रो स्थानमा रहींन। चीन की 18 वर्षीय वांग ज़िफ़ेईले 252 दशमलव सात अंकको साथ स्वर्ण पदक जितिन भने कोरिया की क्वॉन यूंजीले 252 दशमलव छ अंक हासिल गरेर रजत पदक हासिल गरिन।